ललितपुर उद्योग वाणिज्य संघ
LALITPUR CHAMBER OF COMMERCE & INDUSTRY
LCCI




# प्रेस विज्ञप्ती

## ललितपुर उद्योग वाणिज्य संघ, लुभू शाखाको
## वार्षिक साधारण सभा तथा निर्वाचित कार्यसमितिबाट शपथ ग्रहण

२०७७।१०।२२ गते

ललिपुर उद्योग वाणिज्य संघ, लुभू शाखाको ७ औं वार्षिक साधारण सभा एवं निर्वाचन हिजो सम्पन्न भयो । महालक्ष्मी नगरपालिकाका नगर प्रमुख श्री रामेश्वर श्रेष्ठले समुद्घाटन गर्नु भएको उक्त साधारण सभामा उहाँले महालक्ष्मी नगरपालिकाले नगरमा व्यवसायीक वातावरण निर्माण तथा व्यवसायीहरुलाई आर्थिक भार कमका लागि अन्य नगरको तुलनामा व्यवसाय कर न्यून लिने गरेको बताउनु भयो । साथै व्यवसायिहरुको व्यवसाय प्रवर्द्धनका लागि कसैले आवश्यक जनशक्ति माग गरेमा आफुले निःशुल्क उपलव्ध गराउने समेत बताउनु भयो ।

कार्यक्रममा ललितपुर उद्योग वाणिज्य संघ, लुभू शाखाका अध्यक्ष केशव श्रेष्ठले यस क्षेत्रका उद्यमी व्यवसायीहरुको हकहितको संरक्षणका साथै आर्थिक सामाजिक विकासमा समर्पित रहेको शाखाले टेक्स्टायल उद्योगलाई संरक्षण एवं प्रवर्द्धनका लागि लुभूमा टेक्स्टायल ग्राम बनाउने आफ्नो लक्ष्यलाई सबैको साथ र सहयोग

P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661
STOP Child Labour
पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१
E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np

चाहिने बताउनु भयो । घर घरमा उत्पादन गर्दै आएको टेक्स्टायललाई एकै थलोमा राख्न पाएमा रोजगारी श्रृजना हुनुका साथै उत्पादकत्व पनि बृद्धि हुने उहाँको भनाई रहेको छ ।

विशिष्ठ अतिथिको रुपमा रहेको ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष मनोज बहादुर न्याछ्योंले टेक्स्टाइल उद्योगको संरक्षण, प्रवर्द्धन र प्रविधिगत रुपान्तरणका लागि लउवा संघ स्थानिय व्यवसायीहरुसँग सहकार्य गर्न प्रतिवद्ध छ । साथै यस क्षेत्रमा पर्यटन र कृषि व्यवसायको पनि प्रचूर मात्रमा सम्भावना रहेको हुनाले यस तर्फ पनि संघले सम्भावित लगानीका क्षेत्रहरु पहिचानका लागि अध्ययन गरि रहेको बताउनु भयो ।

सोहि शाखाको ७ औं वार्षिक साधारण सभाले शाखाको कार्यसमितिको अध्यक्ष पदमा नविन्द्र देव सिंलाई निर्विरोध निर्वाचित गरिएको थियो ।

यस्तै कार्यसमितिको अन्य पदहरु उपाध्यक्षमा राम शरण सुवाल, सचिवमा सुनिल महर्जन र कोषाध्यक्षमा शन्त राम महर्जनलाई निर्विरोध निर्वाचित गरेको थियो भने कार्यसमिति सदस्य पदमा पूर्ण लक्ष्मी लोहला (श्रेष्ठ), सरु श्रेष्ठ, आशा मान महर्जन, देव चन्द्र के.सी., दिपक कुमार श्रेष्ठ, सुर्य मान महर्जन, सुनिल कुमार उदास र सञ्जय महर्जनलाई निर्विरोध निर्वाचित गरिएको थियो ।

निर्विरोध निर्वाचित पदाधिकारी एवं कार्यसमिति सदस्यहरुलाई सोहि दिन लउवा संघका महासचिव एवं निर्वाचन समितिका संयोजक रुपक मान महर्जनले विजयी प्रमाण पत्र वितरण गरिएको थिया भने निर्वाचित अध्यक्षलाई शाखाका निवर्तमान अध्यक्ष केशव श्रेष्ठले र अन्यलाई निर्वाचित अध्यक्षले पद तथा गोपनियताको शपथ ग्रहण गराउनु भएको थियो ।

रुपक मान महर्जन
महासचिव

P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661

पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१

E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np

STOP Child Labour